का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ असार २०८१,
शनिबार
6 July 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १४४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



दाङको घोराही उपमहानगरपालिका-७ स्थित सौडियारका किसान शुक्रबार झरीमा प्लास्टिक ओडेर धान रोपाइँ गर्दै । जिल्लामा अहिलेसम्म १५ प्रतिशत रोपाईं सकिएको स्थानीय अधिकारीहरुले बताएका छन् । तस्वीरः कुलदीप न्यौपाने, रासस

# सिकेले पाए साथ

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २१ असार ।



सिके राउत नेतृत्वको जनमत पार्टीले नयाँ सत्ता समीकरणको साथ पाउने भएको छ । गत २१ फागुनमा सत्ता समीकरण परिवर्तन हुँदा प्रतिपक्षतिर बस्ने निर्णय लिएको जनमत गत ७ जेठदेखि सत्तारुढ बनेको थियो ।

जनता समाजवादी पार्टी (जसपा), नेपाल विभाजन हुँदा जनमतले आफ्नो पूर्व अडान बदलेको थियो । उपेन्द्र यादव नेतृत्वको जसपा, नेपाल फुटाएर गत २३ वैशाखमा अशोक राईले जसपा बनाएका थिए । १२ मध्ये ७ सांसद सहित राईले जसपा बनाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिने परिस्थिति बनेको थियो ।

किनकि सत्तामै रहेका उपेन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । ५ सिटको उपेन्द्रले समर्थन फिर्ता लिदैमा विश्वासको मत लिन जरुरी थिएन ।

तर ७ जेठमा प्रचण्डले विश्वासको मत लिन चाहे । सिके राउतका लागि सरकारमा सहभागी हुने यही अवसर बन्यो । ६ सिटको जनमतले प्रचण्डलाई विश्वासको मत दिए ।

उपेन्द्रले समर्थन फिर्ता लिएपछि उनी नेतृत्वको पार्टीका मुख्यमन्त्री सरोजकुमार यादव मधेश प्रदेशमा अल्पमतमा परे । माओवादी, एमाले र एकीकृत समाजवादीको समेत साथ पाएर जनमतका सतिशकुमार सिंह मुख्यमन्त्री बने ।

> मधेश सरकारको नेतृत्वमा जनमत पार्टीले निरन्तरता पाउने भएको छ । नेपाली कांग्रेस र नेकपा एमाले जनमतलाई मधेशको नेतृत्व दिने तयार भएसँगै सतिशकुमार सिंहले मुख्यमन्त्रीमा विश्वासको मत पाउने भएका हुन् ।

गत २५ जेठमा सिंह मधेशको मुख्यमन्त्री बनेका हुन् । उनले एक महिनाभित्र विश्वासको मत लिनुपर्नेछ । तर सिंह मुख्यमन्त्री बनेको एक महिना नबित्दै सत्ता समीकरण बदलियो ।

प्रचण्ड नेतृत्वको सरकारलाई अल्पमतमा पार्दै कांग्रेस र एमालेले नयाँ सत्ता सहयात्राको निर्णय गरेको छ । गत १७ असोजमा भएको सत्ता परिवर्तनको निर्णयले मधेश प्रदेश सरकार अन्योलमा देखिएको थियो ।

किनकि जनमतका नेता सिंह भन्दा पनि कांग्रेसका रोजाइमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) प्राथमिकतामा थियो । कांग्रेसका सभापति शेरबहादुर देउवालाई लोसपाका अध्यक्ष महन्थ ठाकुरले पहिलेबाटै साथ दिदै आएका छन् । त्यसैले मधेशमा जनमत नभएर लोसपाले नेतृत्व गर्न सक्ने अनुमान गरिएको थियो ।

तर एमाले अध्यक्ष केपी शर्मा ओलीले जनमतलाई दिएको मुख्यमन्त्री कायम राख्नुपर्ने अडान लिए । ओलीको अडानमा देउवा पनि सहमत भए । जसकारण अब मधेशमा जनमत पार्टीकै नेतृत्वमा सरकार चल्ने भएको छ । किनकि १०७ सदस्यीय रहेको प्रदेशसभामा सभामुख सहित एमालेको २५, कांग्रेसको २२ र जनमतसँग १३ सांसद छन् ।

तर सरकार बनाउन ५४ सिट मात्र आवश्यक पर्छ । कांग्रेस र एमालेको साथ पाएकाले बहुमत पाएर सिंह मुख्यमन्त्री बन्नेछन् । यो परिस्थिति सिके राउतका निम्ति ठूलै जित हो । किनकि मधेशमा महन्थ ठाकुर र उपेन्द्र यादवलाई सिके राउतले चुनौती बढाएर लगेका छन् ।

# नयाँ सरकारलाई दुईतिहाइ

> जसपा, लोसपा र जनमत पार्टीले साथ दिने भएसँगै नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा बन्ने नयाँ सरकारलाई दुईतिहाइ पुग्ने भएको हो । कांग्रेस र एमालेसँग मात्रै प्रतिनिधि सभामा १६७ सिट छ । यसमा जसपाको ७, लोसपाको ४ र जनमत पार्टीको ६ सिट थपिने पक्का भएको छ ।





> राजनीतिक स्थायित्वका लागि दुई ठूला दल मिलेको हो । ठूला दल मिल्नु राम्रो कुरा भए पनि लोकतन्त्रमा प्रतिपक्ष त्यतिकै बलियो हुन आवश्यक छ ।
>
> **डा. शशांक कोइराला**
> **नेता, नेपाली कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यही असार २८ गते विश्वासको मत लिने भएका छन् । यो सँगै नेपाली कांग्रेस र नेकपा एमालेको सहमति अनुसार नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्ने ढोका खुलेको छ ।

प्रमुख सत्ताघटक नेकपा एमालेले गत बुधबार प्रचण्ड नेतृतवको सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । सोही दिन एमालेले पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूले राजीनामा दिएका थिए ।

एमालेका मन्त्रीहरूले राजीनामा दिएसँगै प्रचण्ड नेतृत्वको सरकार अल्पमतमा परेको छ । गत असार १७ गते संघीय संसदका दुई ठूला दल कांग्रेस र एमालेले सत्ता सहकार्य गर्ने समझदारी गरेका थिए । त्यसपछि वैकल्पिक सरकार गठनको प्रयास भएको हो ।

यो सँगै नयाँ सरकार गठनमा राजनीतिक दलहरु खुल्न थालेका छन् । शुक्रबार जनता समाजवादी पार्टीबाट मन्त्री बनेकाहरु सरकारबाट बाहिरिए । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप यादव र बन तथा बातावरणमन्त्री नवलकिशोर साह सुडीले राजीनामा दिए ।

जनता समाजवादी पार्टीसँग प्रतिनिधि सभामा सात सिट छ । प्रतिनिधि सभामा ६ सिट रहेको जनमत पार्टी पनि कांग्रेस र एमाले नेतृत्वमा बन्ने नयाँ सरकारमा सहभागी हुने आधार तयार भएको छ ।

मधेश प्रदेशमा जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री छन् । जनमत पार्टीलाई संघीय सरकारमा सहभागी गराउने उदेश्यसहित कांग्रेस र एमालेले मधेश प्रदेशमा सिंहलाई विश्वासको मत दिने भएका छन् । शनिबार मधेश प्रदेशका मुख्यमन्त्री सिंहले प्रदेशसभामा विश्वासको मत लिने कार्यसूची छ ।

संघीय संसदमा चार सिट रहेको लोकतान्त्रिक समाजवादी »» पृष्ठ २ मा

# सहकारी ठगीका ५५ हजार उजुरी

## ११ अर्ब ४७ करोड ६६ लाख बिगो मागदाबी

> सहकारी संस्थाहरूमार्फत भएको बचत दुरुपयोगका सम्बन्धमा अनुसन्धान गर्ने एउटा महत्वपूर्ण निकाय नेपाल प्रहरी हो । नेपाल प्रहरीको समग्र जिम्मेवारीअन्तर्गत अपराध अनुसन्धान विभाग र सीआईबी दुवैले आफ्नो संयन्त्रअन्तर्गत अनुसन्धान गर्दै आएका छन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २१ असार ।



विभिन्न सहकारीबाट ठगिएको भन्दै उजुरी दिनेको संख्या ५५ हजार ४१० जना रहेको पाइएको छ । उजुरीको एकीकृत संख्या भने ५ हजार ३०० रहेको छ ।

'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति'को छलफलमा प्रहरीबाट यस्तो तथ्यांक प्रस्तुत भएको हो ।

शुक्रबार समितिले गृह मन्त्रालयका सचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक (आईजीपी) वसन्तबहादुर कुँवर, प्रहरी अतिरिक्त महानिरीक्षक तथा सीआईबी प्रमुख श्यामलाल ज्ञवाली र प्रहरी अतिरिक्त महानिरीक्षक तथा अपराध अनुसन्धान विभाग प्रमुख टेकबहादुर तामाङसँग छलफल गरेको थियो ।

छलफलका क्रममा सहकारी ठगीका ५ हजार ३०० उजुरी प्रहरीमा दर्ता भएको र त्यसमा ११ अर्ब ४७ करोड ६६ लाख बिगो बराबर मागदाबी रहेको विवरण प्रस्तुत भएको समितिका सभापति सूर्य थापाले जानकारी दिए ।

सहकारी संस्थाहरूमार्फत भएको बचत दुरुपयोगका सम्बन्धमा अनुसन्धान गर्ने एउटा महत्वपूर्ण निकाय नेपाल प्रहरी हो । नेपाल प्रहरीको समग्र जिम्मेवारी अन्तर्गत अपराध अनुसन्धान विभाग र सीआईबी दुवैले आफ्नो संयन्त्र अन्तर्गत अनुसन्धान गर्दै आएका छन् ।

यी तीन वटै निकायका प्रमुखहरूसँग सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले शुक्रबार छलफल गरेको हो । संसदीय छानबिन विशेष समितिलाई २९ वटा सहकारीमा भएको भनिएको ठगीको विषयमा अनुसन्धान गर्ने कार्यादेश दिइएको छ ।

कार्यादेश अन्तर्गत रहेर समितिले तीन वटै निकायलाई सहकारी सम्बद्ध उजुरीको, छानबिन भएको विषयको, पक्राउ परेर जेल चलान भएको, पुर्पक्षका लागि थुनामा रहेको, फरार रहेको, विदेशमा फरार रहेको अवस्थाको विवरण माग गरेको थियो ।

उजुरी दर्ता हुने क्रम जारी रहेको, दर्ता भएकामध्ये (८ वटा उजुरीमा अनुसन्धान गरेर मुद्दा दर्ता »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारमा ४ हजार ८० जनाको मृत्यु

## सवा २ अर्ब बढीको आर्थिक सहायता

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद

> श्रममन्त्री अर्यालले चालु आर्थिक वर्षमा वैदेशिक रोजगारमा गएका चार हजार ८० जनाको मृत्यु तथा एक हजार २ सय ६२ जना अंगभंग भएको र उनीहरूका परिवारलाई दुई अर्ब १४ करोड ३७ लाख २७ हजार आर्थिक सहायता प्रदान गरिएको जानकारी दिए ।

अर्यालले वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउने गरी नीति तथा कार्यक्रम अघि बढाइएको बताएका छन् ।

राष्ट्रिय सभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री अर्यालले वैदेशिक रोजगारीलाई मर्यादित बनाउने प्रयास भइरहेको बताए । उनले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनबाट मुलुकभित्र रोजगारी प्रवर्द्धन र असल श्रमसम्बन्ध विकास गरिने उल्लेख गरे ।

मन्त्री अर्यालले दीर्घकालीनरुपमा आन्तरिक रोजगारी, स्वरोजगारी, उद्यमशीलता र उत्पादन प्रोत्साहन गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउने गरी नीति तथा कार्यक्रम अघि बढाइएको दाबी गरे । उत्पादनशील रोजगारीका अवसर सिर्जना, श्रमिकको हकहित एवम् पेशागत सुरक्षा, मर्यादित कार्य वातावरण, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनलगायत विषयमा मन्त्रालयले ध्यान केन्द्रित गरेको सदनलाई जानकारी दिए ।

'सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्ने काममा मन्त्रालयले योजना बनाएको छ,' मन्त्री अर्यालले भने । उनले एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहबाट श्रम र रोजगारसम्बन्धी सेवा एकीकृतरुपमा प्रवाह भइरहेको जानकारी दिए ।

वैदेशिक रोजगारबाट फर्किएका नागरिकको सीप, पुँजी, प्रविधि, ज्ञान र अनुभवको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनको प्रयास भइरहेको मन्त्री अर्यालको भनाइ छ । उनले विभिन्न दातृ निकायको सहयोगमा वैदेशिक रोजगारीबाट फर्किएका »» पृष्ठ २ मा

# २० वर्ष नपुग्दै जुम्लाका १७ प्रतिशत किशोरी बने आमा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २१ असार

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका अनुसार जिल्लामा २० वर्ष मुनिका १७ प्रतिशत किशोरी आमा बनेका छन् । जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले शुक्रबार सार्वजनिक गरेको तथ्यांक अनुसार सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा बढी रहेका हुन् ।

त्यस्तै यस चालु आर्थिक वर्षमा २० वर्ष उमेर नपुगेका १७ प्रतिशत किशोरीहरू आमा बन्नेका छन् । जसमा गुठिचौर गाउँपालिमा ३३ प्रतिशत, पातारासी गाउँपालिका २४ प्रतिशत, तिला गाउँपालिकामा २२ प्रतिशत, तातोपानी गाउँपालिकामा २० प्रतिशत किशोरी २० वर्ष नपुग्दै किशोरी गर्भवती हुने गरेको सुरक्षित मातृत्व शाखाका कार्यक्रम संयोजक मोर्चा शाहीले बताइन् ।

उनका अनुसार कनकासुन्दारी गाउँपालिकामा २० प्रतिशत, हिमा गाउँपालिकामा



१७ प्रतिशत, सिंजा गाउँपालिकामा १५ प्रतिशत रहेका छन् भने चन्दननाथ नगरपालिकामा १३ प्रतिशत किशोरी २० वर्ष नपुग्दै आमा बन्ने गरेका छन् । उनले भनिन्,'गाउँ घरमा छिट्टै विवाह गर्ने प्रचलन छ, अशिक्षा, गरिबी, जनचेतनाको कमीका कारण छिट्टै उमेरमा विवाह हुने गरेको पाइन्छ । २० वर्ष नपुग्दै बच्चा जन्माउने र हुर्काउनेबारे जानकार हुँदैनन् । शरीरका सबै अंगको पूर्ण विकास भइसकेको हुँदैन ।'

उनले छिटो-छिटो बच्चा जन्माउनेहरूमा पछि पाठेघर खस्ने र पाठेघरको मुखको क्यान्सर हुने समस्या बढी देखिएको बताइन् । त्यस्तै २० वर्षमुनी गर्भ जाँच गर्ने किशोरीको संख्या बढी रहेको उनको भनाइ छ । त्यस्तै यसअघि जनस्वास्थ्य कार्यालयको आव २०७७/०७८ को तथ्यांक अनुसार जुम्लाका ८ सय ६० जना किशोरीहरू २० वर्ष नपुग्दै आमा बन्नेगरेको पाइएको थियो ।

जसमा चन्दननाथ नगरपालिकामा १ सय ९० जना किशोरी, तातोपानी गाउँपालिकामा ६६ जना किशोरी गर्भ जाँच गर्न आएका थिए ।

त्यस्तै पातारासी गाउँपालिकामा १ सय ३४ जना, कनकासुन्दरीमा ९० जना, सिँजामा ६८ जना, गुठिचौरमा ९५ जना, तिलामा १ सय ४० जना र हिमामा ७७ जना गरी जम्मा ८ सय ६० जना २० नपुग्दै आमा बनेका थिए ।

त्यस्तै स्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख कृष्ण सापकोटाले जुम्लामा बालविवाहको समस्या बढ्दो रहेको बताए । यसलाई न्यूनीकरण गर्न सञ्चार माध्यमको ठूलो भूमिका रहने उनले बताए ।

# एकीकृत समाजवादीको ९३ सदस्यीय केन्द्रीय कमिटी घोषणा

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, २१ असार

नेकपा एकीकृत समाजवादीको केन्द्रीय समिति सदस्यमा ९३ जना सर्वसम्मत चयन भएका छन् । १६ गते शुरु भएको सो पार्टीको दशौं राष्ट्रिय महाधिवेशनमार्फत ९३ सदस्यीय केन्द्रीय कमिटी सदस्य घोषणा गरिएको हो ।

महाधिवेशनको छैटौं दिन शुक्रबार महाधिवेशन अध्यक्ष मण्डलका अध्यक्ष झलनाथ खनालले माधवकुमार नेपालको अध्यक्षतामा महासचिव




घनश्याम भुसालसहित ९३ जनाको केन्द्रीय कमिटी घोषणा गरेका हुन् ।

एकीकृत समाजवादीले १८ पदाधिकारी चयन गर्न बाँकी छ । अध्यक्ष मण्डलका सदस्य राजेन्द्र पाण्डेले १० दिनभित्र बाँकी केन्द्रीय सदस्यको नाम सार्वजनिक गरिने जानकारी दिए ।

यस्तै केन्द्रीय समितिको बैठक शनिबार केन्द्रीय कार्यालय आलोकनगरमा बस्ने पनि श्रेष्ठले जानकारी दिए ।

# गौरमा ट्युसन पढ्न आएका विद्यार्थीबीच छुरा हानाहान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ असार

रौतहट सदरमुकाम गौरमा ट्युसन पढ्न आएका विद्यार्थी समूहबीच छुरा हानाहान भएको छ । गौर नगरपालिका चोकस्थित शिक्षक सन्तोष यादवले ट्युसन पढाइ रहेको ठाउँमा विद्यार्थीबीच छुरा हानहान भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । छुरा हानाहान हुँदा गौर ४ टिकुलियाका सुरज यादव, वडा नं.३ का अभिनाश यादव र अन्य एक जना विद्यार्थी घाइते भएका छन् ।

घाइतेमध्ये सुरजको घाँटी नजिक कुममा गहिरो चोट लागेको



छ । उनलाई थप उपचारका लागि वीरगन्ज पठाइएको छ । अन्य दुई जनाको भने प्रादेशिक अस्पताल गौरमा उपचार भइ रहेको छ । प्रहरीले घटनामा संलग्न चार जनालाई नियन्त्रणमा लिएको छ । घटनामा संलग्न इशनाथ नगरपालिका ९ का २० वर्षीय सञ्जीव गुप्ता, २१ वर्षीय प्रदीप साह र परोहा नगरपालिका ९ का १८ वर्षीय शिवम कुमार सहनीलाई पक्राउ गरेको हो ।

चार जनालाई पक्राउ गरे पनि एक जनाको संलग्नता नदेखिएपछि तीन जना उपर ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । यता सुरजका बुबा बिनोद यादवले छोरामाथि कुटपिट गर्ने युवाहरुलाई हदैसम्मको कानूनी कारबाही गर्न माग गरेका छन् ।

# गण्डकी प्रदेश समन्वय परिषद् कतारको साधारण सभा सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ असार

कतारमा स्थापित गण्डकी प्रदेश समन्वय परिषद् कतारले आफ्नो स्थापनाको छैटौं वार्षिक साधारण सभा मनाएको छ । साधारण सभाको अवसर पारेर परिषद्को आयोजना तथा मातहतका जिल्ला संस्थाहरूको सह आयोजनामा 'स्वास्थ्य तथा सचेतना' कार्यक्रमसमेत आयोजना गरिएको छ ।

शुक्रबार फूलबारी रेस्टुरेन्टको सभा हलमा परिषद् कतारका अध्यक्ष सागर पौडेलको अध्यक्षता तथा कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो । विधिवत उद्घाटनसहित अगाडि बढेको कार्यक्रममा नेपालबाट आमन्त्रित मनोविश्लेषक वासु आचार्यले स्वास्थ्यसहित जीवनका विभिन्न आयामका बारेमा सरल तवरले उपस्थितलाई स्वास्थ्य कला सिकाएका थिए ।

उनले मनले जीवन चलाउने र मन भनेको 'म मेरो जिन्दगीभरि मेरो बुझाइले, सोचले चल्ने र कस्तो सोच्ने गरिन्छ र सोचले कसरी अरूलाई असर पार्छ' भन्ने बारेमा आफ्ना भनाइ राखे । उनले मानवको मनोविज्ञान सामान्य र असामान्य रहने गरेको बताए । दुवै मनोविज्ञानले मानवीय जीवनमा कस्तो असर पार्दछ भन्ने कुरा सहभागीलाई बुझाएका थिए । मनोविज्ञानले गर्भवती महिला र बच्चामा पार्ने प्रभावका बारेमा पनी उनले प्रष्ट्याए । हरेक कुरालाई आफूसँग जोड्नु संज्ञानात्मक विकृतिसँग जोडिने हुँदा



त्यसरी सोच्न नहुने उनले बताए ।

उनले भावना शरीरको लक्षण, मनोपीडितलगायतका मानवीय जीवनका विभिन्न चरणका बारेमा प्रकाश पारे । उनले मनोविज्ञान सकारात्मक राख्न र बुझ्न आवश्यक रहेको बताउँदै 'म पनि ठिक र अर्को पनि ठिक छ' भनेर बुझ्न आवश्यक रहेको बताउँदै दुनियाँका विषयमा सोच्न बन्द गरे जीवन सहज हुने बताए । उनले आफ्नो र अरूका राम्रा, नराम्रा पक्षका बारेमा व्याख्या कम गर्न सकेमा जीवन सहज हुने विश्वास सहभागीलाई दिलाए । उनले एन्जाइटी हुनेलाई रातमा र डिप्रेसन हुनेलाई दिनमा समस्या हुने गरेको बताए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि राजदूत ढकालले चिन्ता र चिन्तन फरक कुरा रहेको बताउँदै चिन्तनले लक्ष्य तय गर्दै गन्तव्यमा पुऱ्याउने र चिन्ताले अर्कै बाटो डोहोऱ्याउने बताए ।

साधारण सभामा परिषद्का प्रमुख सल्लाहकार राकेश श्रेष्ठ, संस्थापक अध्यक्ष आश बहादुर गुरुङ र गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनसीसी) कतारका तर्फबाट प्रतिनिधित्व गरेका प्रथम उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक कृष्ण पन्थीले कतारमा स्थापित सम्पूर्ण संघसंस्थाको प्रतिनिधित्व गर्दै शुभकामना मन्तव्य राखेका थिए ।

आफ्नो मन्तव्यका क्रममा पन्थीले पछिल्लो चरण दोहामा रोजगारी गुमाउनेहरू बढेको र यस पकृतिको कार्यक्रमको आवश्यक रहेको आफूले पनि महसुस गरेकोमा गण्डकी प्रदेशले सरहानीय कार्यक्रम आयोजना गरेको बताए । उनले प्रत्येक श्रमिकको साथमा कतारका सबै संघसंस्थासहित एनसीसी कतार रहेको हुँदा मानसिकलगायत विविध समस्यालाई लिएर अनाहकमा आत्महत्या गर्ने प्रयासहरू बढेको हुँदा त्यसो नगर्न आग्रह गरे ।

खादा माला र ब्याचमा हुने खर्च कटौती गर्दै मखमली फूलको थुङ्गाले अतिथि तथा उपस्थितलाई प्रवेशद्वारमा स्वागत गरिएको थियो । कार्यक्रमका लागि अध्यक्षता, प्रमुख अतिथिको आतिथ्यता र नेपालबाट आमन्त्रित अतिथि बाहेक सबैलाई एकमुष्ट आशनग्रहण गराउँदै समयको बचतसहित नयाँ प्रकृतिले साधारण सभा सम्पन्न गरिएको थियो ।

लमजुङे कवि सिताराम थापाले १३ सय रियाल तलब शीर्षकमा कविता वाचन गर्दा हल सुनसान भएको थियो । सचेतना कार्यक्रममा सहभागीहरूलाई सहभागी प्रमाण पत्र डिजिटलरूपमा उपलब्ध गराउने प्रतिबद्धता जनाइएको थियो भने आचार्यलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

साधारण सभाको समापन गर्दै अध्यक्ष पौडेलले गण्डकी प्रदेशले सदैव फरक किसिमको कार्यक्रम गर्दै आएको बताए । उनले नियोग परिवार, नेपालबाट आमन्त्रित पाहुनासहित, सहआयोजकका रूपमा रहेका जिल्ला संस्थासहित प्रत्यक्ष-अप्रत्यक्षरूपमा कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति कृतज्ञता प्रकट गरेका थिए ।

परिषद्का सचिव अर्जुन संग्रौलाले कार्यक्रमको सहजीकरणसहित कार्यसमितिले पछिल्लो एक वर्षमा गरेका विविध गतिविधि समेटिएको कार्यप्रगति विवरण पेस गरेका थिए भने कोषाध्यक्ष रोशन अर्यालले आयव्यय पेस गरेका थिए । सभामा गण्डकी प्रदेशवासी तथा कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । साधारण सभामा परिषद्का प्रथम उपाध्यक्ष नन्दलाल विक (अजय)ले स्वागत मन्तव्य राखेका थिए ।

# अत्याधुनिक हतियारसहित चार जना पक्राउ

**प्रेमराज कार्की/मध्यान्ह**
मुगु, २१ असार

जुम्लामा अत्याधुनिक हतियारसहित चार जना पक्राउ परेका छन् ।

जुम्लाको पातारासी गाउँपालिका-३ महरीगाउँको चनेलेख नजिकको पाटनबाट हतियारसहित चार जना पक्राउ परेका हुन् ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार गत जेठ १४ गते मुगुम कार्मारोङ गाउँपालिका-१ डोल्पु गाउँका स्थानीयहरू यार्सागुम्बा सकंलन गएको मौका छोपेर आठ जनाको उक्त हतियारधारी समूहले स्थानीयको घरमा लुटपाट गरेका थिए ।

घटना लगत्तै जुम्ला, मुगु र डोल्पाका नाकाहरुमा प्रहरी खटाइएको थियो । घटना भएको झण्डै एक महिनापछि मुगुमा पछिल्लो पटक स्थानीयले संकलन गरेको यार्सा लुटपाटमा संलग्न आठमध्ये चार जनाको टिमलाई पक्राउ गर्न प्रहरी सफल भएको प्रहरी नायव महानिरीक्षक तथा डिआइजी अर्जुनबहादुर चन्दले जानकारी दिए ।

'आठ जना नै पक्राउ परेको जानकारी आएको छ, तर त्यो ठाउँमा मौसम प्रतिकुल हुँदा यकिन हुन सकेको छैन । प्रहरी टोली अहिले पनि घटनास्थलमै छ' डिआइजी चन्दले भने, 'शनिबार बिहानसम्म अनुसन्धानमा खटिएको टोली जुम्ला सदरमुकाम पुगेपछि घटनाको वास्तविक जानकारी दिन सकिन्छ ।' अनुसन्धानमा मुगु र जुम्लाबाट प्रहरीको संयुक्त टोली परिचालन गरिएको उनले बताए । प्रदेश प्रहरी कार्यालयका अनुसार यार्सा लुटेरा आठ जनाकै टिम जुम्लाकै रहेको पुष्टि भएको छ । उनीहरुबाट लुटपाटमा प्रयोग गरिएको अत्याधुनिक हतियारसमेत प्रहरीले बरामद गरेको छ ।

प्रहरीले बरामद गरेका हातहतियारमा कटुवा पेस्तोल एक थान, एसएलआर १ थान, २ थान म्याग्जिन, २५ राउण्ड गोली, ३ थान ओकेटोके, १ थान बाइनाकुलर, ५ सेट आर्मीको ड्रेस, र ट्रेकिङ झोला रहेको छ ।

पक्राउ पर्नेमा जुम्ला पातारासी गाउँपालिकाका पशे भनिने गणेश भण्डारी, धनप्रसाद भण्डारी, नवराज बुढा, पुर्णप्रसाद भण्डारी, राम अधिकारी, मानबहादुर बुढा, कमल थापा र वीरबल बोहरा रहेको प्रहरीले जनाएको छ ।

गत जेठ १४ गते राति मुगमा यहीँ टोलीले दुईवटा हतियार र अन्य घरेलु हतियार देखाउँदै स्थानीयका घर घरमा तलासी गर्दै गरगहना सामान र नगद लुटेर लगेको प्रहरीको भनाइ छ ।

विगत तीन वर्षदेखि जुम्ला, डोल्पा र मुगु जिल्लामा यार्सागुम्बा लुटपाट हुने गरेको थियो । ति सबै घटनामा उक्त समूहको संलग्नता हुनसक्ने प्रहरीको अनुमान छ ।

# छिपहरमाई गाउँपालिकाको बजेट ३७ करोड १७ लाख




**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २१ असार

पर्साको छिपहरमाई गाउँपालिकाको १९ औं गाउँसभा सम्पन्न भएको छ । कार्यक्रमलाई गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ताले पानसमा दिप बालेर उद्घाटन गरेका थिए । गाउँसभामा आर्थिक वर्ष २०८१/०८२ को ३७ करोड १७ लाख ५२ हजार ५ सय रुपैयाँ बराबर बजेट प्रस्तुत भएको थियो । गाउँसभामा गाउँपालिकाको पाँच वटै वडाको योजना पारित गरी प्रस्तुत गरिएको थियो ।

बजेटमा नेत्रदान पालिका अनुदान अन्तर्गत पालिकाका गरिब असहाय, दलितहरुलाई निःशुल्क आँखाको शल्यक्रिया तथा उपचार गराउने योजना राखिएको छ ।

यस्तै महिलाहरुको पाठेघरको शल्यक्रिया खर्चप्रति बिमारी १५ हजारको दरले उपचार खर्च दिने, गाउँपालिकामा सञ्चालनमा रहेको पल्स टु का छात्र, छात्राहरुलाई ड्रेस भत्ता बापत रकम अनुदान दिने, गाउँपालिकाका एमबीबीएसमा नाम निकाल्ने विद्यार्थीहरुलाई अनुदान स्वरुप एक लाखदेखि दुई लाखसम्म सहयोग योजना रहेको गाउँपालिकाका अध्यक्ष गुप्ताले बताए । साथै शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, विपद व्यवस्थापन, युवा रोजगार, भौतिक पूर्वाधार, पर्यटन प्रवर्द्धन, उज्यालो छिपहरमाई लगायतमा जोड दिएको गाउँपालिका अध्यक्ष गुप्ताले बताएका छन् ।

अध्यक्ष गुप्ताले छिपहरमाई गाउँपालिकामा भौतिक विकास निर्माणको साथै नयाँ योजनाहरु ल्याएको बताए । विकासमा स्थानीय जनसमुदाय, जनप्रतिनिधि र कर्मचारीहरुको सहयोगका कारण विकासले गति लिएकोमा अध्यक्ष गुप्ताले सबैलाई धन्यवाद समेत दिएका छन् । यस्तै सबै जनाले सहयोग गर्दै गएमा देशको नमुना गाउँपालिका पहिला पनि रहेको र अहिले पनि रहने अध्यक्ष गुप्ताको भनाइ छ । गाउँपालिका अध्यक्ष मनोज कुमार गुप्ताको अध्यक्षतामा भएको गाउँ सभामा गाउँपालिका उपाध्यक्ष लिलावती देवी कानु, प्रमुख प्रशासकीय अधिकृत शनि साह कानु, समाजसेवी किशोरी साह कानु, वडाअध्यक्ष कामेशवर यादव, महेन्द्र साह कलवार, दिपेन्द्र कुमार सिंह रामेश्वर प्रसाद महतो, मौजिलाल साह कानु, कार्यपालिका सदस्य बलिस्टर साह, नरेश साह कलवार लगायतले मन्तव्य राखेका थिए । कार्यक्रम सञ्चालन मेघराज साह रौनियारले गरेका थिए ।

# यशोधरामा लाखौंको सरकारी सम्पत्ति थन्कियो



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २१ असार

कपिलवस्तुको यशोधरा गाउँपालिकाको लाखौंको सरकारी सम्पत्ति घामपानीले कुहिएर खेर गएको छ । सभाहलमा रहेका सोफा, कुर्सी, इन्भर्टर, मोटरसाइकल, साइकल, प्रोजेक्टर लगायत विविध सामान एक महिनादेखि घाम पानीले पुनः प्रयोग गर्न नसक्ने अवस्थामा पुगेको छ ।

जनताको करबाट किनिएको उक्त सामान पालिकाका प्रतिनिधि र कर्मचारीले देखेर पनि नदेखेको जस्तो गरेका छन् ।

जेठ १९ गते खाएको पानीसँगैको हावाहुरीले पालिकाको सभाहलको टिनको छानो उडाएको थियो । छानो उडाएपछि हलभित्रका सामान सुरक्षित स्थानमा सार्नुपर्ने वा त्यही सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्ने हो । तर बिडम्बना त्यहाँका कर्मचारी र जनप्रतिनिधिले लाखौं रकमको सामान खराब भइरहँदा समेत वेवास्था गरेका छन् ।

स्थानीयसँग कुरा गर्दा जनप्रतिनिधि र कर्मचारीले मिलेमतोमा नै उक्त सामानहरु त्यस्तै छोडिएको बताउँछन् । नयाँ आर्थिक वर्षमा पुनःसामान खरिद गरी आर्थिक चलखेल गर्ने मनस्थिति रहेको स्थानीयको आरोप छ ।

यसै विषयमा यशोधरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषव देव खनालसँग प्रतिक्रिया लिँदा आफु भर्खरै पालिकामा आएको र टिनको छाप्रो मर्मत गर्ने प्रक्रिया अगाडि बढाएको बताए । अधिकृत खनाल अनुसार हुरिबतासमा कुल ११ लाख बराबरको क्षति भएको मुल्यांकन गरिएको छ । यसैगरी यस विषयमा पालिका प्रमुख शिवदयाल तिवारी, सूचना अधिकारी अनिल ओझा, प्रशासन तथा योजना शाखा प्रमुख रेशम राज शर्मालाइ पटक-पटक फोन गर्दा समेत फोन उठेन ।

**नयाँ ...**

पार्टीले पनि कांग्रेस र एमालेको समीकरणलाई साथ दिने निर्णय गरिसकेको छ । जसपा, लोसपा र जनमत पार्टीले साथ दिने भएसँगै नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा बन्ने नयाँ सरकारलाई दुईतिहाइ पुग्ने भएको हो । कांग्रेस र एमालेसँग मात्रै प्रतिनिधि सभामा १६७ सिट छ । यसमा जसपाको ७, लोसपाको ४ र जनमत पार्टीको ६ सिट थपिने पक्का भएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने औपचारिक निर्णय लिएको छैन । तर, कांग्रेस र एमालेको सहमतिको स्वागत गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादीले भने प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने भनेका छन् । प्रतिनिधि सभामा माओवादीका ३२, रास्वपाका २१ र नेकपा एकीकृत समाजवादीको १० सिट रहेको छ ।

प्रचण्ड १० पुस २०७९ मा प्रधानमन्त्री भएका थिए । उनले १८ महिना बढी सरकारको नेतृत्व गरे । तर, उनले सत्ता साझेदार फेरिरहे । जसको आलोचना खेपिरहेका छन् । फेरि पनि कांग्रेससँग मिलेर सरकार अगाडि लैजान खोजेपछि आफूहरु अगाडि सरेको एमाले नेताहरको भनाइ छ ।

नेपाली कांग्रेसका नेता डा. शशांक कोइराला राजनीतिक स्थायित्वका लागि दुई ठूला दल मिलेका बताउँछन् ।

'राजनीतिक स्थायित्वका लागि दुई ठूला दल मिलेको हो । दुई ठूला दल मिल्नु राम्रो कुरा भए पनि लोकतन्त्रमा प्रतिपक्ष त्यतिकै बलियो हुन आवश्यक छ' शुक्रबार चितवनमा पत्रकारहरुसँग कुरा गर्दै उनले भने ।

**सहकारी ...**

गरिसकेको भनिएको छ । मुद्दा चलाइएका अधिकांश ठगीसँग सम्बन्धित रहेका छन् ।

उजुरीको संख्या काठमाडौंमा सबैभन्दा बढी रहेको र पीडितहरूको संख्या ५ हजार ६ सय ४८ जना रहेको भनिएको छ ।

समग्र उजुरीमा ११ सय ५० जना प्रतिवादी रहेका छन् । त्यसमध्ये २९४ जना पक्राउ परेका छन् । ८५६ जना प्रतिवादी फरार रहेका छन् । फरार रहेका व्यक्तिका सन्दर्भमा डिफ्युजन र रेड कर्नर नोटिसको प्रक्रियामा अगाडि बढेको र केहीको हकमा रेड कर्नर नोटिस जारी भइसकेको छ ।

'जिबी राई र देवकुमार नेपालीसँग सम्बन्धित विषयमा रेड कर्नर नोटिस जारी भएको कुरा राख्नुभएको छ' समिति सभापति थापाले जानकारी दिए । उनका अनुसार समितिले भरत महर्जन, जिबी राई, कुमार रम्तेल, देवकुमार नेपाली, सुवास केसी, रोशनी गुरुङ सहितका प्रतिवादीहरूको बारेमा समेत सोधेको छ ।

**वैदेशिक...**

श्रमिकको पुनःएकीकरणसम्बन्धी परियोजना कार्यान्वयन भइरहेको जानकारी दिए ।

'स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमलगायत विविध कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालित छन्,' मन्त्री अर्यालले भने । उनले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आवको असार १९ गतेसम्म ५२ हजार पाँच सय आठ जनाले औसत ८१ दिनको रोजगारी प्राप्त गरेका जानकारी दिए ।

मन्त्री अर्यालले रोजगार बैंकका लागि राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने तयारी भइरहेको बताए । उनले भने, 'श्रम बजारमा उपलब्ध रोजगारीका अवसर र रोजगारी खोजिरहेका श्रमिकबीच समन्वय गर्न रोजगार बैंकको रुपमा कार्य गर्न राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।' उनले श्रम स्वीकृतिका लागि दुई सिफ्टमा कार्यालय सञ्चालन गरी एक घण्टाभित्रै स्वीकृति प्रदान गर्ने व्यवस्थाले सेवाग्राही लाभान्वित भएका बताए । मन्त्रालयको आगामी योजनाबारे जानकारी दिँदै मन्त्री अर्यालले श्रम स्वीकृति लिनका लागि आवश्यक पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने गृहकार्य भइरहेको जानकारी दिए । वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श प्रदान गर्न आगामी आवदेखि सात सय ५३ वटै स्थानीय तहमा सेवा विस्तार गरिने उनले बताए ।

मन्त्री अर्यालले वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्तिबापतको रकम रु सात लाखबाट बढाइ रु १० लाख हुने गरी प्रस्ताव गरिएको जानकारी दिए । उनले अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाईनमार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको उल्लेख गरे ।

'वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार आव २०७८/७९ देखि चालु आवको जेठ मसान्तसम्म वैदेशिक रोजगारीमा गएका चार हजार ८० जनाको मृत्यु तथा एक हजार २ सय ६२ जना अंगभंग भएका छन् । निजका परिवारलाई रु दुई अर्ब १४ करोड ३७ लाख २७ हजार आर्थिक सहायता उपलब्ध गराइएको हो,' मन्त्री अर्यालले भने । उनले वैदेशिक रोजगारीको सन्दर्भमा हुने विभिन्न गुनासा सुन्न श्रमाधान कल सेन्टरलाई थप व्यवस्थित बनाइने बताए ।

मन्त्री अर्यालले इजाजत प्राप्त संस्थाबाट मन्त्रालय र मातहतका निकायले कमिसन उठाएको सूचना प्रमाणसहित दिएमा दोषीलाई २४ घण्टाभित्र कारबाही गरिने हुने स्पष्ट पारे । 'विदेशमा अलपत्र परेका नेपाली कामदारलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न चारवटा देश (ओमान, कुवेत, साउदी अरब र इजरायल) मा वैदेशिक रोजगार बोर्डबाट रु १५ लाखका दरले रु ६० लाख उपलब्ध गराइएको छ,' उनले भने ।

मन्त्री अर्यालका अनुसार कतार, मलेसिया, यूएई, साउदी अरब, दक्षिण कोरिया, बहराइन, कुवेत, ओमनमा श्रम 'काउन्सेलर' र श्रम सहचारी परिचालन गरिएको हो । श्रमिकको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको भन्दै जर्मनी र रोमानियासँग नयाँ श्रम सम्झौता भएको उनले उल्लेख गरे ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागबमोजिमका तालिम सञ्चालन गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिने मन्त्री अर्यालले बताए । प्रदेश सरकारको साझेदारी र गन्तव्य मुलुकको सहयोगमा प्रदेशस्तरमा आवासीय सुविधासहितको आधुनिक प्रशिक्षण केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइएको उनले जानकारी दिए ।


## कुवेतमा रोजगार

कम्पनी : PURITY LAUNDRY AND STEAM IRONING COMPANY
शहर:KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०३/२१ चलानी नं.: ६०२२१९५६ L.T. No.: 307283

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Instrument Mechanical Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 185 | ८०,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | laundry Man | 22 | 0 | | 105 | ४५,७०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २९ गते (13 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**New Light International Pvt. Ltd.**
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/ 9851045653/9862013933 | Email: info.newlight1403@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FARID AL-AAMAL CONTRACTING COMPANY शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०३/२१ चलानी नं.: ६०२२१९४५ L.T. No.: 307227

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 22 | 0 | स. काममा दक्ष | 1100 | ३९,०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २९ र ३० गते (13 & 14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिसेज नेपाल प्रा. लि.**
**PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.**
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085,9803093814
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

## कतारमा रोजगार

कम्पनी: VENTURE GULF ENGINEERING WLL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८१/03/२१ चलानी नं. ६०२२१९४४ LT. No.: 307265

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | mechanic | 10 | 0 | | 1100 | ४०,२१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Red Coral Associates Pvt. Ltd.**
Group Of Companies
Gov. Lic. No. 625/063/064
Buddhanagar-10, Kathmandu, Tel.: 4797078, 4797278
Mo.: 9851171385, 9851171383, 9851171384

# ‘जन्मदिनलाई सत्कर्मसँग जोडौं अभियान’ : विभिन्न जातका १३ सय बिरुवा रोपियो

रौतहट/मस- रौतहटबाट शुरुवात भएको ‘जन्मदिनलाई सत्कर्मसँग जोडौं अभियान’अन्तर्गत गत बुधबार १३ सयभन्दा बढी बिरुवा रोपिएको छ। तराई विकास तथा सञ्चार केन्द्र नेपालको आयोजनामा रौतहटको सिन्दुरेघारी चादी खोला छेउमा विभिन्न प्रजातीका १३ सयभन्दा बढी बिरुवा रोपिएको हो।

वृक्षारोपणको शुरुवात रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले गरेका थिए। पार्क छेउमा नेपाली सेनाको सहयोगमा फलफूल बगैंचा तयार गरिदिने कार्य पनि प्रारम्भ भएको छ। वृक्षारोपण शुरुवात गर्दै प्रमुख जिल्ला अधिकारी रेग्मीले यस्तो पवित्र कार्यमा जोडिन सबैलाई आग्रह गरे। जन्मदिनको अवसरमा अनावश्यक खर्च रोकेर यस्तो पवित्र कार्यमा सबै लाग्नुपर्ने प्रजिअ रेग्मीको धारणा थियो।

यसैगरी नेपाली सेना रौतहटका प्रमुख सेनानी गंगाबहादुर विष्टले पार्क छेउमा नेपाली सेनाको सहयोगमा फलफूल बगैंचा तयार गरिदिने कार्य प्रारम्भ भएको बताए। सामाजिक कार्यमा सक्रियतापूर्वक सहभागिता जनाउँदै आएको नेपाली सेनाले वृक्षारोपण कार्यलाई पनि उत्तिकै महत्व दिँदै आएको प्रमुख सेनानी विष्टको भनाइ थियो।

तराई विकास तथा सञ्चार केन्द्र नेपालका अध्यक्ष एवम् नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द चौलागाईंको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक दिलिप घिमिरे, डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र मिश्र, इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरका उपसचिव नेत्रप्रसाद शर्मा, जन जागृती बहुमुखी क्याम्पसका अध्यक्ष सुर्य थापा, जनजागृती माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द दुलाल, जनजागृती माविका प्राचार्य शत्रुधन साह, क्यापसका प्रमुख अमृतकुमार केसी, नेपाल रेडक्रस सोसाइटी चन्द्रनिगाहपुर उपशाखाका सभापति कृष्ण अधिकारी, चन्द्रपुर नगर उद्योग वाणिज्य संघका अध्यक्ष उदय नारायण सापकोटालगायतको उपस्थिति रहेको थियो।

सो अवसरमा जीवन विज्ञान चन्द्रनिगाहपुरका शैलेश उपाध्याय, इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी निरीक्षक सशस्त्र प्रहरी सन्तपुर बेस क्याम्पका प्रमुख, जिल्ला भू-संरक्षण कार्यालयका प्रमुख, लायन्स क्लबका प्रतिनिधि, पञ्च आधार भूत विद्यालयका प्रधानाध्यापक तथ शिक्षकहरु, सूर्योदय एकेडेमी, प्रेम तुल्सी एकेडेमी विद्यालयका शिक्षक तथा विद्यार्थी, सिन्दुरेघारी टोल विकास संस्था, मुलघर कृषि सहकारी संस्थाका पदाधिकारी, जिल्लास्थित सञ्चारकर्मी, स्थानीय समाजसेवी तथा सर्वसाधारणहरुले वृक्षारोपण गरेका थिए।

सोही कार्यक्रममा बुधबार जन्मदिन परेका चन्द्रपुर नगरपालिकाका वडा नं. ९ निवासी वासुदेव अधिकारी, मुलघर कृषि सहकारी संस्थाका सहव्यवस्थापक तुलसा पुलामी, जन जागृती मावि सिन्दुरेघारीमा अध्ययनरत छात्राहरु सन्ध्या श्रेष्ठ, सम्झना कुमारी राम र रिता साहले आफनो जन्मदिन विभिन्न जातका फूलका बिरुवा रोपेर मनाएका थिए। चन्द्रपुर नगर उद्योग वाणिज्य संघका पूर्वअध्यक्षसमेत रहेका बासुदेव अधिकारीले आफ्नो जन्मदिनको अवसरमा वृक्षारोपण गर्न पाउँदा हर्षित भएको बताए। जन्मदिनको अवसरमा फजुल खर्च नगर्नसमेत अधिकारीले सल्लाह दिए।

यो अभियानलाई देशव्यापी बनाउने केन्द्रका अध्यक्ष चौलागाईंले जानकारी दिएका छन्। यो अभियानलाई तीव्रता दिन गृह



नगर चन्द्रपुर आएका पत्रकार चौलागाईंले अभियानले काठमाडौंमा पनि व्यापकता पाएको जानकारी दिए। सकारात्मक सोचका साथ समाजलाई सत्कर्मतर्फ लैजान यो अभियान अपरिहार्य रहेको पत्रकार चौलागाईको भनाइ रहेको थियो। करिब ३ महिनादेखि यो अभियान रौतहटमा चलिरहेको छ।

बुधबार भएको कार्यक्रममा नेपाली सेनाका प्रमुख सेनानी विष्टले बगैंचा निर्माणका निम्ति नेपाली सेनाले सकेको सहयोग गर्ने बताए। कार्यक्रममा प्रमुख अतिथि प्रजिअ रेग्मीले यसपटक एसईईमा राम्रो नतिजा ल्याएकोमा जन जागृती मावि सिन्दुरेघारीका प्रधानाध्यापक शत्रुधन प्रसाद साह र अभिभावकका तर्फबाट रामकुमार रोक्कालाई सम्मान गरेका थिए।

बिहानदेखि चलेको सो कार्यक्रममा सिन्दुरेघारी धर्मशालाको गेटबाट अशोक र धुपिका बिरुवा रोप्दै बर्थ डे पार्कसम्म लैजाने अभियानको समेत धर्मशाला अगाडिबाट शुरुवात गरिएको थियो। प्रराज चौलागाईंले सञ्चालन गरेको सो कार्यक्रम स्थानीय समाजसेवी खडग बहादुर कार्कीलगायत सयौंको सख्यामा स्थानीयहरु अभियानमा सामेल भएका थिए।

अभियान सफल बनाउन टोल-टोलमा समितिसमेत गठन गरेर दर्जनौं संस्थाका प्रतिनिधित्व हुने गरी रौतहटबाट पहिलोपटक अभियानका रूपमा शुरुवात गरिएको जन्मदिनलाई सत्कर्मसँग जोडौं अभियानलाई ऐक्यबद्धतासहितको हाम्रो सहभागिता लेखिएको ब्यानर बोकेर आ-आफ्नो स्थानमा दिनभरमा १३ सय बिरुवा रोपिएको सिन्दुरेघारी टोल विकास संस्थाका अध्यक्ष रामप्रसाद त्रिपाठीले मध्यान्ह दैनिकलाई बताए।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

OFFICE MANAGER- 1 (Male/Female)
RECEPTIONIST- 1 (Female)

Salary Negotiable

Job Requirements:
1. Must have experience in related fildes in 2 years.
2. Must be proficient in Microsoft World, Excel, PowerPoint, Photoshop, should be fluent in English & Nepali fast typing .
3. Salary will be negotiable .

E-mail: nepallifera1476.2017@gmail.com

NEPAL LIFE RECRUITMENT AGENCY (P) LTD.
Govt. Lic. No. 1476/074/075
+977-9851076290, 01-4598920
Gaushala, Kathmandu, Nepal

## श्री दुल्लभ माध्यामिक विद्यालय

**भिमसेनथापा गा.पा–१, घ्याम्पेसाल**
**गोरखा, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८१/०३/२२**

यस विद्यालयद्धारा मिति २०८१/०२/३ गते पहिलो पटक प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र आव्हान गरिएकोमा तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिले प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी तपसिल अनुसारको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनौट भएको हुदाँ सोही ऐन को दफा २७ को उपदफा (२) प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | कामको संकेत नं. | कामको विवरण | छनौट भएको फर्म | कबोल गरेको रकम (पी.एस.र मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | SDSS/NCB/ WORKS-01-2080/81 | Construction of School Building. | श्री प्रभु कौशिका निर्माण सेवा, कोटेश्वर काठमाण्डौ | रू.९७,९३,३७०/०० |


**प्रधानाध्यापक**

## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बिर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल**

### नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं।
घ) पूरा बाउला भएको कपडा लगाऔं।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु।**
क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
ङ) आफ्नो घर, आँगन सफा राखौं।

## जापानमा बैदेशिक रोजगारको अवसर

कम्पनिको नामः Cooperative Neutral Plan    ठेगानाः Okayama Prefecture, Japan
पूर्व स्विकृती मिति : २०२४/०७/०५    लट नं.: ३०७२२३    चलानी नं.: ६०२२१९३९

| न. | कामदारको पद | माग संख्या | मासिक तलव YEN | मासिक तलव NRS | न्युनतम योग्यता | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | ओभर टाइम सुविधा | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Form Work (Construction Work) | 3 Male | 160382 | 132893 | सम्बन्धित काममा दक्ष | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | रु. ७००, कामदार आफै | नि:शुल्क |

**अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०८१/03/२९ गते हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL PVT. LTD.
Kathmandu-32, Koteshwor, Behind Bhat-Bhateni Super Store, Kathmandu, Nepal. Tel: 01-5100669, 9808811102
9816909265, E: info.goodlifenepal@gmail.com
Lic No.: 17/047/048

## KUWAIT मा रोजगार

कम्पनी : THE ROOF SWEETS & PASTRIES COMPANY    शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/२१    चलानी नं.: ६०२२१९४०    L.T. No.: 307289

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 4 | 0 | स. काममा दक्ष | 100 | ४३,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २९ गते (13 July 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ईभ नेपाल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, , फोन नं.: ४१०७५२०, ४६२२४३६
Email : evenpl34@gmail.com | www.evenepaloverseas.com

## यूएईमा रोजगार

कम्पनी : SOBHA CONSTRUCTION L.L.C    शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/२१    चलानी नं.: ६०२२१९४१    LT. No.: 307154

